# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल

## कोटेशन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७५/०९/२७**

यस कार्यालयको चालु आ.व. २०७५/०७६ मा गाउँपालिकाको स्वीकृत कार्यक्रमअन्तर्गत तपसिलका निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम ८५ बमोजिम कोटेशन माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दीको माध्यमबाट कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २२२०३०४०१८१०८ मा जम्मा गरेको सक्कल भौचर निर्माण व्यवासायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात ८ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, कोटेशनदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ ।

२. दर्ता भएका कोटेशनहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र कोटेशनदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । कोटेशनदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि कोटेशन खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । कोटेशन बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. कोटेशनमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा कोटेशनदाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको कोटेशनहरु उपर कुनै कारवाही हुनेछैन । कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

६. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | गा.पा. को शौचालय व्यवस्थापन तथा गाडी पार्किङ्ग निर्माण | ३,५९,४२७।९४ | ५००/०० | |
| २. | वडा कार्यालय, वडा नं. ५ मर्मत सम्भार तथा रङ्गरोगन | ४,२७,७०२।६५ | ५००/०० | |

2075/9/26

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत